।। नमो रत्नत्रयाय ।।

# लुम्बिनी बौद्ध विश्वविद्यालय

## केन्द्रीय कार्यालय

लुम्बिनी, नेपाल

प.सं.

च.नं. सूचना नं ०१

मिति :

**बडादसैं (विजयादशमी) को बिदासम्बन्धी सूचना।**

बडादसैं (विजयादशमी) को पावन अवसरमा यस लुम्बिनी बौद्ध विश्वविद्यालयका सम्पूर्ण निकायहरूमा मिति २०८३ असोज २५ गते आइतबारदेखि २०८३ कार्तिक ८ गते आइतबारसम्म बिदा रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै, मिति २०८३ कार्तिक ९ गते सोमबारदेखि विश्वविद्यालयका सम्पूर्ण निकायहरूको सेवा पूर्ववत् रूपमा सञ्चालन हुने व्यहोरा जानकारी गराइन्छ।

बडादसैं (विजया दशमी) को पावन अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र आध्यात्मिक जागरणको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। भगवान् बुद्धको शिक्षाले समस्त प्राणीलाई मातृसत्त्वका रूपमा सम्मान गर्दै सबै जीवप्रति मैत्री, करुणा र अहिंसाको भाव राख्न प्रेरित गर्दछ। प्राणी हिंसाबाट विरत रहनु बुद्धद्वारा देशित महत्त्वपूर्ण शिक्षापद हो। यस पावन पर्वलाई पशुबलि र हिंसाको सट्टा करुणा, अहिंसा, सद्भाव र आत्मसंयमको उत्सव का रूपमा मनाउँदै बुद्धको शान्ति र मैत्रीको सन्देशलाई जीवनमा आत्मसात् गरौं।

सबै प्राणी सुखी होऊन्, सबै प्राणी दुःखबाट मुक्त होऊन्।

**लुम्बिनी बौद्ध विश्वविद्यालय परिवार**

**२०८३।०६।२३**

Rupandehi, Lumbini, Nepal info@lbu.edu.np 071-404088 www.lbu.edu.np